# नेपाल गजेट

## भाग ४

नेपाल सरकारद्वारा प्रकाशित

काठमाडौं फाल्गुन ७ गते २०१३ साल

### प्रधान मन्त्रालय राज्यव्यवस्थाको सूचना

**नेपाल प्रशासन सेवा : श्रेणी विभाजन, भर्ना र तलबः-नियमहरू**

नेपाल निजामती सेवा ऐन, २०१३ को दफा ७ ले दिएको अधिकारको प्रयोग गरी सरकारले देहायका नियमहरू बनाएकोछ।

१. [१] यी नियमहरूको नाम, नेपाल प्रशासन सेवा :श्रेणी विभाजन, भर्ना नियमहरू, २०१३ रहेको छ।

[२] यी नियमहरू सरकारले नेपाल गजटमा सूचना प्रकाशित गरी तोकेको मिति देखि लागू हुनेछन्।

२. [१] नेपाल प्रशासन सेवामा विशिष्ट श्रेणी, प्रथम श्रेणी द्वितीय श्रेणी तथा तृतीय श्रेणी गरी जम्मा चार श्रेणीहरू रहने छन्।

[२] अनुसूची- [१] मा लेखिएका पदहरू सोही अनुसूचीमा तोकिएका श्रेणीहरूमा सम्मिलित गरिएका छन्।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

५। ट्राफिक अफिसर, रोपवे ।
६। मेनेजर गो. प. छापाखाना।
७। एकाउन्टेन्ट अफिसर ।
८। हाकिम, सैनिक द्रव्यकोष।
९। हाकिम, तेजारथ अड्डा ।
१०। अडिट अफिसरहरू क. श्रेणीका कुमारीचोकका हाकिमहरू ।
११। हाकिम, काठमाडौं पोता रजिस्ट्रेशन अड्डा ।
१२। क. श्रेणी मालका हाकिमहरू ।
१३। हाकिम, अतिथिसत्कार विभाग ।
१४। हाकिम, जंगी बाली तलव ।
१५। प्रधान अफिसर, काठमाडौं नगरपालिका ।
१६। आसस्टेन्ट एड्मिनिस्ट्रेटिभ् अफिसर, नहर विभाग ।
१७। ट्राफिक अफिसर, नेपाल रेलवे ।
१८। गूडस सुपरभाइजर, नेपाल रेलवे ।
१९। प्रशासकीय व्यवस्था अफिसरहरू ।
२०। हाकिम, किताबखाना ।
२१। फूड कन्ट्रोलर ।

आज्ञाले—
माणिकलाल
का.मु. सेक्रेटरी-राज्यव्यवस्था.

## प्रधान मन्त्रालय राज्यव्यवस्थाको सूचना

राष्ट्रीय दिवस नेपालमा फाल्गुन ७ गते र विदेश जतिमा फ्रेबुअरी १८ तारीखमा मनाउने सरकारबाट निर्णय भएको छ।

आज्ञाले—
माणिकलाल
का. मु. सेक्रेटरी-प्रधानमन्त्रालय राज्यव्यवस्था।

मुद्रण विभाग, सिंहदरबार
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
४५५

३. नेपाल प्रशासन सेवामा केवल तृतीय श्रेणीमा मात्र प्रथम भर्ना गरिनेछ। विशिष्ट श्रेणी, प्रथमश्रेणी तथा द्वितीय श्रेणीका पदहरूमा प्रमोशनद्वारामात्र नियुक्ति गरिनेछ।

४. नेपाल प्रशासन सेवामा भर्ना निम्न लिखित तरीकाहरूले गरिनेछन्।

[१] खुला प्रतियोगिताद्वारा ५० प्रतिशत पदहरूमा।

[२] तल्लोतहबाट प्रमोशनद्वारा ५० प्रतिशत पदहरूमा – तर तल्लो तहबाट भर्नागर्नको निमित्त आवश्यक संख्यामा योग्य व्यक्तिहरू नपाइएमा पाइएसम्म तल्लो तहबाट प्रमोशनद्वारा भर्ना गरी नपाइएका बांकी पदहरूमा नियम ६ [३] को सूचिबाट भर्ना गरिनेछ।

५. प्रशासन सेवामा भर्नाको निमित्त प्रत्येक वर्ष, लोकसेवा आयोगले एउटा खुला प्रतियोगिता गर्नें छ र निम्नलिखित व्यक्तिहरूले उक्त प्रतियोगितामा भाग लिनसक्नेछन्।

[१] कुनै स्वीकृत विश्वविद्यालयको ग्रेजूयट् अथवा सो सरहका शैक्षिक योग्यता भएका, र

[२] प्रत्येक वर्षको श्रावण १ गतेको दिन २१ वर्ष पुरा सकेका तर ३० वर्ष नपुगेका।

तर, कुनै व्यक्तिलेपनि पटक भन्दा बढी प्रतियोगितामा भाग लिन पाउने छैन।

६. [१] खुला प्रतियोगितामा उम्मेदवारहरूको योग्यता जांचदा, लोकसेवा आयोगले निम्नलिखित तरीकाहरू अपनाउने छ।

[१] लिखित परीक्षा।

[२] अन्तर्वार्ता।

[२] लिखित परीक्षा तथा अन्तर्वार्ता कुन विषयहरूमा, तथा कस्तो प्रकारको हुनेछ यस सम्बन्धमा सरकारले समय समयमा नेपाल गजेटमा सूचना प्रकाशित गर्न सक्नेछ।

(३) लोकसेवा आयोगले खुला प्रतियोगितामा सफल भएका सबै उम्मेदवारहरूको योग्यता क्रम सूचि प्रकाशित गर्नें छ र नियम ४ [१] बमोजिम भर्ना गर्दा यो सूचिको क्रम अनुसार भर्ना गरिनेछ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

नियम ४ [२] अनुसार तल्लो तहबाट प्रमोशनको निमित्त सुरक्षित राखिएको स्थानहरूमा भर्ना गर्नको निमित्त लोकसेवा आयोगले प्रत्येक वर्ष एकचोटी प्रमोशन प्रतियोगिता गर्नेछ र उक्त प्रतियोगितामा तलबको शुरू स्केलमा मो.रु. १२०। अथवा सो भन्दा बढी पाउने पदमा कमसेकम ३ वर्ष काम गरी सकेका निजामती कर्मचारीहरूले भाग लिन पाउने छन् ।

७. [१] प्रमोशन प्रतियोगितामा उम्मेदवारहरूको योग्यता लोकसेवा आयोगले निम्नलिखित आधारमा जाँच्नेछ।

(१) लिखित परीक्षा ।

(२) अन्तर्वार्ता।

(३) काम र चरित्र सम्बन्धी रिपोर्ट।

(२) लिखित परीक्षा तथा अन्तर्वार्ता कुन विषयहरूमा तथा कस्तो प्रकारको हुनेछ यस सम्बन्धमा सरकारले समय समयमा नेपाल गजेटमा सूचना प्रकाशित गर्न सक्नेछ।

(३) लोकसेवा आयोगले प्रमोशन प्रतियोगितामा सफल भएका सबै उम्मेदवारहरूको योग्यता क्रम सूचि प्रकाशित गर्नेछ, तथा नियम ४ (२) मा उल्लेख गरिएका स्थानहरूमा यसै सूचिको क्रम अनुसार गरिनेछ ।

## अनुसूचि -२

## [वाग्लण्ड्ख ख]

१। नेपाल सरकारका प्रमुख सचिव।

२। नेपाल सरकारका सबै सेक्रेटरीहरू: कानून मन्त्रालयका बाहेक :

३। इलेक्शन कमिश्नर ।

४। सेन्सस् कमिश्नर।

५। उपत्यका कमिश्नर

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४५८

६। क, श्रेणीका सबै बडाहाकिमहरू ।
७। माननीय प्रधानमन्त्रीको प्रमुख निजी सचिव।

### प्रथम श्रेणी

१। एकाउन्टेन्ट जनरल।
२। नेपाल सरकारका सब ज्वाइन्ट सेक्रेटरीहरू।

।कानून मन्त्रालयका बाहेक।

३। नेपाल सरकारका डेपुटी सेक्रेटरीहरू।
४। ख. श्रेणीका बडाहाकिम तथा मेजिस्ट्रेट।
५। कष्टम कमिश्नर।
६। सञ्चार विभाग, सिभिल सप्लाइज तथा सेन्ट्रल पर्चेज विभाग, उद्योग विभाग, यातायात विभाग, पञ्चायत गोस्वारा, विजुली र रोपवे विभाग तथा पब्लिक वर्क्स विभागका डाइरेक्टरहरू ।
७। चीफ फुड कन्ट्रोलर।
८। डेपुटी एकाउन्टेन्ट जनरल।
९। सेक्रेटरी, लोकसेवा आयोग।
१०। सेक्रेटरी, निर्वाचन कमिशन।
११। जनरल मेनेजर, नेपाल रेलवे।

### द्वितीय श्रेणी

१। नेपाल सरकारका सबै असिस्टेन्ट सेक्रेटरी कानून मन्त्रालयबाहेक
२। ग. श्रेणीका बडाहाकिम तथा मजिष्ट्रेट।
३। संचार विभाग, सिभिल सप्लाइज र सेन्ट्रल पर्चेज विभाग, उद्योग विभाग, विजुली र रोपवे विभागका असिस्टेन्ट डाइरेक्टरहरू।
४। माननीय मन्त्रीहरूको निजी सचिव।
५। मालपोतका डेपुटी डाइरेक्टरहरू।

### तृतीय श्रेणी

१। कष्टम अफिसरहरू तथा क. श्रेणी भन्सारका हाकिमहरू।
२। असिस्टेन्ट मजिस्ट्रेट।
३। क, श्रेणीका जिल्लाका असिस्टेन्ट सुब्बाहरू।
४। असिस्टेन्ट अडिटर, [illegible] विभाग।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४५४

५। ट्राफिक अफिसर, रोपवे ।

६। मेनेजर गो. प. छापाखाना।

७। एकाउन्टेन्ट अफिसर ।

८। हाकिम, सैनिक द्रव्यकोष।

९। हाकिम, तेजारथ अड्डा ।

१०। अडिट अफिसरहरू क. श्रेणीका कुमारीचोकका हाकिमहरू ।

११। हाकिम, काठमाडौं पोता रजिस्ट्रेशन अड्डा ।

१२। क. श्रेणी मालका हाकिमहरू ।

१३। हाकिम, अतिथिसत्कार विभाग ।

१४। हाकिम, जंगी बाली तलब ।

१५। प्रधान अफिसर, काठमाडौं नगरपालिका ।

१६। आसिस्टेन्ट एडमिनिस्ट्रेटिभ अफिसर, नहर विभाग ।

१७। ट्राफिक अफिसर, नेपाल रेलवे ।

१८। गूडस सुपरभाइजर, नेपाल रेलवे ।

१९। प्रशासकीय व्यवस्था अफिसरहरू ।

२०। हाकिम, किताबखाना ।

२१। फूड कन्ट्रोलर ।

आज्ञाले—
माणिकलाल
का.मु. सेक्रेटरी-राज्यव्यवस्था.

## प्रधान मन्त्रालय राज्यव्यवस्थाको सूचना

राष्ट्रीय दिवस नेपालमा फाल्गुन ७ गते र विदेश अतिमा फ्रेबुअरी १८ तारीखमा मनाउने सरकारबाट निर्णय भएको छ।

आज्ञाले—
माणिकलाल
का. मु. सेक्रेटरी-प्रधानमन्त्रालय राज्यव्यवस्था

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरेपछि मात्र लागु हुनेछ।